**नेपाल सरकार**

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

# जिल्ला विकास समितिको कार्यालय

**गोरखा**

**सार्वजनिक सुनुवाइ कार्यक्रम**

**सम्पन्न प्रतिवेदन**

मिति २०७३।०३।२६ गते जि.वि.स.सभाहलमा

२०७३

सार्वजनिक सुनुवाइ कार्यक्रम प्रतिवेदन

मितिः २०७३ आषाढ २६ गते

निर्वाचन क्षेत्र नं. १ को गो.न.पा.भित्र जि.वि.स. सभाहलमा

स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन गरिने कार्यलाई नै सार्वजनिक सुनुवाइ भनिन्छ ।

सरकारी प्रतिनिधी संस्थाबाट नागरिकहरुलाई प्रवाह गरिरहेको कार्य वा प्रभाव पार्न सक्ने विषयवस्तुलाई केन्द्रित वनाई सरोकार राख्ने नागरीक र सेवा प्रवाह गर्ने निकाय वीच साझा समझदारी कायम गरी सुधार गर्न व्यवस्थित रुपमा जनमन्च, सार्वजनिक सुनुवाइ, सामाजिक सम्वाद वा सार्वजनिक बैठक सञ्चालन गर्ने गरिन्छ । यस प्रकारको कार्यक्रमा सरोकार राख्ने नागरिकहरु आफ्ना अभिव्यक्तिहरु स्वतन्त्र रुपमा राख्ने गर्दछन् र सम्बन्धित जवाफदेहि अधिकारीहरुले पनि आफ्नो क्रियाकलापहरु पारदर्शि र उत्तरदायीपूर्ण तवरबाट व्यक्त गर्दछन् । यसरी व्यक्त गरिएका चासो र प्रतिबद्धताबाट आपसी समझदारी कायम भई भविश्यमा गरिने क्रियाकलापहरुलाई समेत मार्गनिर्देश गर्ने हुन्छ ।

बर्तमान सन्दर्भमा नागरिक सुनुवाइलाई लोकतन्त्रको आधार स्तम्भको रुपमा लिने गरिन्छ । स्थानीय सरकारको रुपमा रहेको जिल्ला विकास समिति र जिल्ला स्थित सरकारी कार्यालय तथा विषयगत कार्यालयहरुले प्रदान गर्ने सेवाको सन्र्दभमा विशेषत सेवा प्रदायक संस्था र सेवाग्राही जनता वीच आपसी सम्बन्ध सुमधुर वनाई राज्यबाट प्रदत्त सेवा, सुविधाहरु प्राप्तीमा सहज पहुँचको वातावरण निर्माण र प्रवाहित सेवा सुविधाहरुका सन्दर्भमा सर्वसाधारण जनता वीच उठेका साझा सवालहरुलाई गुनासाका रुपमा राख्न र सो उपर जवाफदेही निकायहरुबाट सुनुवाइ गरी सेवा सुविधाहरुलाई चुस्त, दुरुस्त र पारदर्शि बनाई सेवाग्राही प्रति थप उत्तर दायी गराउने उद्देश्यका साथ नेपालमा त्रिवर्षिय अन्तरिम योजनाको आधारपत्रलाई अनिवार्य व्यवस्था गरिएको सार्वजनिक सुनुवाइ कार्यक्रमलाई स्थानीय विकास मन्त्रालयको कार्यनीति बमोजिम जि.वि.स.को न्युनतम् शर्त  एवं कार्य सम्पादन मापनको सूचकको रुपमा समेत राखिएकोले सो समेतलाई थप सहयोग पुगोस भन्ने अभिप्रायले यो कार्यक्रम संचालन गरी सम्पन्न गरिएको छ ।

लक्ष्य तथा उद्देश्य :

- स्थानीय निकायवाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा जनताले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने,
- नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउन गरिने सार्वजनिक सुनुवाई गर्ने कार्य प्रक्रियालाई मार्गदर्शन गर्नु
- विकास निर्माण लगायत राज्यबाट नागरिकका लागि प्रदत्त सेवा सुविधाहरु सर्वसाधारणको पहुँचमा सहजता र ग्यारेन्टीको वातावरण सुनिश्चित गर्ने,

## कार्यक्रम तयारी

स्थानीय निकायबाट संचालित विकास निर्माणका कार्यक्रममा उपलब्ध सेवा, वस्तु र सुविधाका विषयमा सार्वजनिक स्थान तथा स्थानीय स्तरबाट सेवाग्राही नागरिकले उठाएका सवालहरुलाई स्थानीय स्तरबाटै स्पष्टता ल्याउनको लागि जिल्ला विकास समितिको कार्यालय गोरखाबाट विगतमा ग्रामिण वस्तीहरुमा सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिएको हो । आर्थिक वर्षको अन्तमा सरोकारवाला उपभोक्ता, विकास साझेदारहरु सदरमुकाम केन्द्रित हुने भएको साथै कार्यालयहरुको कार्यव्यवस्थताले गर्दा सदरमुकाम वाहिर जान नसकिने भएको हुँदा जि.वि.स. सभाहलमा कार्यक्रम राख्ने निर्णय भएको हो ।

सोही अनुसार कार्यक्रम संचालन गर्नु भन्दा १५ दिन अगावै सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ अनुसार बरिष्ठ पत्रकार किशोरजंग थापासंग कार्यालयले दुई पक्ष सम्झौता गरी नागरिकहरुका सुझाव संकलन, सर्भेक्षण, प्रतिवेदन निर्माण तथा कार्यक्रम मोडियटरको भूमिका दिइएको हो । जिल्ला स्थित सरकारी कार्यालय, विकास साझेदार संघ संस्था, नागरिक समाज महिला दलित, जानजाति, लोपोउन्मुख जातजाति, शिक्षक, कर्मचारी, सर्वसाधरण नागरिकहरुको समेत उपस्थितिको लागि पत्रचार, स्थानीय पत्रपत्रिकाहरुको माध्यमबाट सूचना संप्रेषण तथा स्थानीय रेडियो एफ एम मार्फत यहि असार २६ गते २.बजे गर्न गरी आमन्त्रणको लागि सूचना दिईएको थियो । कार्यक्रम संचालनको लागि कार्यालयले अन्य व्यवस्थापकीय पक्ष मिलाएको थियो ।

## सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन

### निर्वाचन क्षेत्र नं. १ को गो.न.न.पा. वडा नं ३ स्थित जि.वि.स. सभाहलमा ०७३।०३।२६ गते भएको कार्यक्रमको सार संक्षेप

सार्वजनिक सुनुवाइ कार्यक्रम संचालनको लागि प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी लगायत विषयगत कार्यालय प्रमुख प्रतिनिधिहरुको बैठकबाट स्थान र मिति तय गरी गोरखा जिल्लाको ३ वटै निर्वाचन क्षेत्रमा ११ स्थानमा कार्यक्रम गर्ने निश्चितता भए अनुसार विगतमा ३ स्थानमा कार्यक्रम संचालन गरिएकोले सोही कार्यक्रमको सारसंक्षेपको रुपमा वर्षको अन्तमा सम्बन्धित जवाफदेहिताको भूमिका निर्वाह गर्नु पर्ने विकाससंग सम्बन्धित कार्यालयका प्रमुखहरु, विकासका साझेदार गै.स.स., जिल्लामा कृयाशिल राजनीतिक दलहरुलाई पत्रद्धारा आमन्त्रण गरी सेवाग्राही नागरिकको लागि स्थानीय एफ एम रेडियो, पत्रपत्रिकाको माध्येमबाट कार्यक्रम हुने वारे सूचना प्रसारण गरिएको थियो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री नारायण भट्ट ज्यूको प्रमुख आतिथ्यता र स्थानीय विकास अधिकारीज्यूको अध्यक्षतामा सुरक्षा निकायको तर्फबाट प्रहरी प्रमुख, राजनीतिक दलका प्रमुख प्रतिनिधी, शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई, कृषि, पुर्ननिर्माण, मालपोत, पशु स्वास्थ्य, महिला तथा बालवालिका भूसंरक्षण, भवन, लगायतका प्रमुख वा प्रतिनिधि, पत्रकार, रेडियो कर्मी तथा कार्यक्रम व्यवस्थापन कार्यको लागि खटिएको जि.वि.स. टिम सहित सर्वसाधरण नागरिक गै.स.स.स कर्मीहरुको उपस्थिति रहेको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रम मोडियटरको भूमिका रहनु भएका पत्रकार किशोरजंग थापा बाट संचालन भएको थियो । पूर्व सम्झौता अनुसार नागरिक अभिमतको सर्भेक्षण प्रतिवेदन पत्रकार सुदिप कैनीबाट प्रस्तुत गर्नु भएको थियो । जवाफदेहिताको भूमिकामा संलग्न राजनीतिक कर्मी, विषयगत कार्यालयका प्रमुख प्रतिनिधीको मिडिया कर्मी, संघ संस्थाका प्रतिनिधि, चुम्चेत, प्रोक, ल्हो, छोप्राक, ताप्ले, घ्याल्चोक, सौरपानी गा.वि.स., गो.न.पा. क्षेत्रका नागरिकहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा कार्यक्रम संचालकबाट कार्यक्रमको वारेमा संक्षिप्त जानकारी, सार्वजनिक सुनुवाइ कार्यक्रमको आचारसंहिता प्रष्ट पारिएको थियो । साथै आफ्ना जिज्ञासा, गुनासा, सुझाव राख्न सेवाग्राही नागरिकलाई प्रोत्साहीत गरिएको थियो । सोही अनुसार उक्त कार्यक्रम वेलुकी ५ बजे उत्साहपूर्ण सहभागिताका वीच समापन भएको थियो ।

कार्यक्रम उपस्थिति महानुभावहरुको भूमिका:

**आयोजक कार्यालयको तर्फबाट**

१. स्थानीय विकास अधिकारी श्री नारायण आचार्य
२. योजना अनुगमन तथा प्रशासकिय अधिकृत श्री सतिस कुमार भट्टराई
३. जि.वि.स.व्यवस्थापकीय टिम

**जवाफदेहिताको भूमिकामा रहनुहने कार्यालयको तर्फबाट**

१. प्रमुख जिल्ला अधिकारी श्री नारायण प्रसाद भट्ट
१. जिल्ला शिक्षा अधिकारी श्री दिपेन्द्र सुवेदी
२. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय प्रमुख श्री नारायण प्रसाद आचार्य
३. जिल्ला प्राविधिक कार्यालय प्रमुख श्री सहदेव वहादुर भण्डारी
४. शहरी तथा भवन डिभिजन कार्यालय प्रमुख श्री श्याम किसोर सिंह

५.जिल्ला बन कार्यालयका प्रमुख श्री जीवनाथ पौडेल
६. जिल्ला कृषि विकास कार्यालयका प्रमुख श्री तीर्थ कुमार श्रेष्ठ
७. जिल्ला पशु सेवा कार्यालयका प्रमुख श्री जगत बन्धु नेपाली
८. जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख श्री महेन्द्र ध्वज अधिकारी
१० जिल्ला भूसंरक्षण कार्यालय प्रमुख श्री राजु दाहाल
११. जनपथ प्रहरी गोरखा प्रमुख उपरिक्षक श्री जनकराज पाण्डेय
१२. महिला तथा बालवालिका कार्यालय प्रमुख श्री सिता अधिकारी
१३ ताप्ले, सामागाउ, ताङलिचोक, अश्राङ,देउराली, ताक्लुङ, मसेल, वगुवा, मुच्चोक, सचिवहरु

**<u>राजनीतिक दलहरुको तर्फबाट</u>**

- ने.का. श्री गौरी गुरुङ
- ने.क.पा. एमाले सचिव श्री कृष्ण नेपाली
- ने.क.मा. माओवादी केन्द्र अध्यक्ष श्री लेख वहादुर थापा
- रा.प्र.पा. नेपाल उपाध्यक्ष श्री शंकर अधिकारी
- संघिय समाजवादी फोरम नेपाल अध्यक्ष श्री सुकदेव तामाङ्ग
- रा.प्र.पा. प्रतिनिधि श्री भिषण अर्याल
- नेपाल परियार दल अध्यक्ष श्री रविन्द्र थापा
- ने.म.कि.पा. अध्यक्ष श्री प्रह्लाद लामिछाने

**<u>गै.स.स.संघ संस्थाको तर्फबाट</u>**

लोकतान्त्रिक गै.स.स. अध्यक्ष, द चाइल्ड फस्ट,

**<u>आमन्त्रण गरिएका सदस्यको रुपमा</u>**

अकोऱ्याप नेपालका उपाध्यक्ष श्री किशोर जंग थापा
पत्रकार महासंघ जिल्ला अध्यक्ष श्री भिमलाल श्रेष्ठ
रेडियो गोरखाका पत्रकार
च्याईस एफ एम पत्रकार
रेडियो मातृभमि पत्रकार

**<u>सेवाग्राहीहरुको प्रतिनिधित्व भएका गा.वि.स.हरु</u>**

प्रोक, ल्हो, लापु, ताङ्लीचोक, चुम्चेत घ्याल्चोक, सौरपानी, गो.न.पा

**<u>सार्वजनिक सुनुवाइ संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगनाः</u>** जिल्ला विकास समितिको कार्यालय, गोरखा

## सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रस्तुत गरिएका विषयहरु

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नेः अध्यक्षता/संयोजक स्था.वि.अ. श्री नारायण आचार्य
सार्वजनिक सुनुवाइको आचार संहिताः कार्यक्रम संचालक एवं मोडियटर श्री किशोर जंग थापा
सार्वजनिक सेवा प्रवाहका वारेमा संक्षित जानकारीः प्रमुख जिल्ला अधिकारी श्री नारायण भट्ट
सहभागिहरुको लिखित तथा मौखिक प्रश्नहरु संकलन तथा प्रस्तुत पत्रकार सुदिप कैनी
उठाईएका सवालको स्पष्टता गर्नेः सेवा प्रदायक संस्थाहरुका प्रमुख एवं प्रतिनिधिहरु
कार्यक्रमको प्रतिवेदन तयारीः टा. ना.सु. विमला वाग्ले

**कार्यक्रम आयोजना स्थलः** गो.न.पा. वडा नं. ३, जि.वि.स. सभाहल
**कार्यक्रम आयोजना गरिएका मिति र समयः** २०७३।०३।२६ गते दिउसो २ बजे
**कार्यक्रम संचालन गरिएको समयावधि (घण्टा/मिनेट):** ४ घण्टा

**उठेका प्रश्न/जिज्ञासा र उत्तरः**

| क्रम संख्या | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिने व्यक्ति | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर | जवाफको व्यहोरा |
|---|---|---|---|---|
| १. | पेमाडुण्डुप लामा प्रोक गाबिस ३ | पेश्की नहुँदा उपभोक्ता समिति गठन गर्न सकेनौं । गाउँमा पैसा भएको मान्छे कोही हुँदैनन्, पेश्कीको ब्यबस्था हुनुपर्‍यो । | नारायणप्रसाद आचार्य स्थानीय बिकास अधिकारी, गोरखा | उपभोक्ता समितिलाई पेश्की दिने नियम छैन, श्रमदान गरेर काम गर्नुपर्छ । |
| २. | हरिराम उप्रेती पत्रकार | एमसीपिएममा जिल्लाका ६० ओटै गाबिस अनुत्तीर्ण भए, गाबिस सचिवलाई के कारबाही गर्नुहुन्छ ? | नारायणप्रसाद आचार्य स्थानीय बिकास अधिकारी, गोरखा | एमसीपिएममा सबै गाबिस अनुत्तीर्ण भएका होइनन् । गा.वि.स. हक हित केन्द्रले १४ जिल्ला एमसिपियमका वारेमा केही असहमती जनाई मूल्याङ्कन प्रकृयामा सहभागि नभएको हो । |
| ३. | आत्मराम श्रेष्ठ पत्रकार | दरबार पुनर्निर्माणमा १८ लाख रुपैंयाको कोटेशन निकालिएको छ जवकी ११ लाखको टेण्डर यो के भएको हो ? | नारायणप्रसाद भट्ट प्रजिअ, गोरखा । | नियम मिचेर काम भएको पाइयो भने कारबाही गर्छु । |
| ४. | पाकुली तामाङ्ग गोनपा २ | मन्दिर बनाउन पैसा दिने ? गुम्बा बनाउन पैसा दिनुपर्दैन ? | नारायणप्रसाद आचार्य एलडियो | आवश्यक सहयोग गर्न सकिन्छ । |
| ५. | पेमाडुण्डुप लामा प्रोक ३ | भूकम्पले घर भत्कियो, रातो कार्ड पनि पायौं । ईञ्जिनियरले तथ्याङ्क संकलन गर्दा वास्तविक पीडितको नाम छुटेछ । अब के हुन्छ ? | नारायणप्रसाद भट्ट प्रजिअ | गुनासो फारम भर्नुहोस्, अनुदान रकम पाउनुहुन्छ । |
| ६. | किरण लोहनी पत्रकार | सरकारी कर्मचारीबीच बेमेल छ भन्छन् के हो ? आर्थिक पारदर्शी छैनन् भन्ने आउँदा अप्ठेरो लागेन ? | नारायणप्रसाद भट्ट प्रजिअ | कार्यालय प्रमुखहरु बीच आपसी मिल्ती छ । प्रमाणसहित ल्याउनुहोस् आर्थिक पारदर्शीता नदेखिएमा कारबाही गर्छु । |

| | | | | |
|---|---|---|---|---|
| ७. | सन्तोष अधिकारी पत्रकार | गाबिस सचिवले गाउँ र सहर दुवै ठाउँमा कार्यालय संचालन गरेका छन् । भाडा कहाँबाट तिर्छन् ? बिकास बजेट खर्च पो गरेका छन् कि ? | नारायणप्रसाद आचार्य स्थानीय बिकास अधिकारी | गाबिस सचिवले सहरमा गाबिसको कार्यालय संचालन गरेको बारे हामीलाई जानकारी छैन । |
| ८. | भीमलाल श्रेष्ठ अध्यक्ष नेपाल पत्रकार महासंघ, गोरखा शाखा | मनास्लु पदमार्ग क्षेत्रका झोलुंगे पुलहरु मर्मतमा किन ढिलाइ गरेको ? | सहदेवबहादुर भण्डारी प्रमुख जिल्ला प्राबिधिक कार्यालय | झोलुंगे पुल मर्मतको काम गर्दैछौं । एक साताभित्र काम सकिन्छ । |
| ९. | भीमलाल श्रेष्ठ अध्यक्ष नेपाल पत्रकार महासंघ, गोरखा शाखा | बिद्युत् अनियमितता कहिलेसम्म हो ? टेलिकमको एडिएसएल इन्टरनेट किन चल्दैन ? | अमृत अधिकारी प्रमुख नेबिप्रा गोरखा बितरण केन्द्र । | रुख ढलेपछि पोल भाँचिदा बिद्युत् अनियमित भएको हो । अब नियमित भइसकेको छ । टेलिकमको प्रमुखलाई प्रश्न सोधीने छ । |
| १०. | छेवाङग्याल्जेन लामा ल्हो गाबिस ७ | जिबिसले दिएको सामाग्री ढुवानी खर्च कम भयो । चार हजार मात्रै दिन्छ, खच्चडवालाले १२ हजार माग्छ कसरी ढुवानी गर्नु ? | नारायणप्रसाद आचार्य स्थानीय बिकास अधिकारी | सामान ढुवानी खर्च बढाउनेबारे छलफल भइरहेको छ । |
| ११. | रेशमलाल श्रेष्ठ सौरपानी ३ | सहरमा घर हुनेहरुले अनुदान पाएका छन् गाउँमा मात्रै घर हुनेहरु किन छुटे ? | नारायणप्रसाद भट्ट प्रजिअ | प्रमाणसहित गुनासो फारम भर्नुहोस् कोही छुट्दैनन् । |
| १२. | डिलबहादुर सेन्चुरी नारेश्वर | काम नगर्ने तर ठेक्का ओगट्ने ठेकेदारलाई कारबाही गर्नुपर्‍यो । | नारायणप्रसाद आचार्य स्थानीय बिकास अधिकारी | तोकिएको समयमा काम नसक्ने ठेकेदारलाई कारबाही गरिन्छ । |
| १३ | भूमी प्रसाद रेग्मी, घ्याल्चोक | सडक कर उठाउनेले मर्मत गर्नु पर्ने कि नपर्ने ? विद्युत नवलेपनि शुल्क र जरिवाना तिर्नु पर्ने मर्मत र वितरण चाहि कहिले हुन्छ । | विद्युत प्राधिकरण शाखा प्रमुख अमृत वावु अधिकारी | ६० देखि ७० पोल गएको छ । मर्मत कार्य भैरहको छ । |

कार्यक्रमको अन्तमा समापन सहित प्रतिबद्धता व्यक्त गर्दै कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी एवं कार्यक्रमका अध्यक्ष स्थानीय विकास अधिकारी ज्युले कार्यक्रममा उठेका सवै खालका प्रश्नहरुको यथोचित जवाफ दिदै कतिपय कुराहरु स्थानीय स्तरमा वसेर समाधान गर्न सकिने र कतिपय केन्द्रका नीति नियमले गर्न नसकिने र केन्द्रीय निर्देशनलाई पर्खनु पर्ने उल्लेख गर्नु हुँदै कार्यक्रममा उपस्थित सम्पूर्ण सेवाग्राही, सेवाप्रदायक संस्थाका प्रमुख एवं प्रतिनिधिज्यहरु, पत्रकार, गा.वि.स. सचिव लागायत उपस्थित महानुभावहरुलाई हार्दिकता पूर्वक धन्यवाद दिदै कार्यक्रम सम्पन्न गर्नु भएको थियो ।

**कार्यक्रम संचालनबाट प्राप्त प्रतिफल**

- सेवा प्रवाहमा भएका अनियमितता एवं गुनासाहरुका सम्बन्धमा खुलेर अभिमत जाहेर गर्न सक्ने भावना पैदा भएको,
- राज्यले अवलम्बन गरेका विभिन्न नीतिहरुको सम्बन्धमा जिल्लातहबाट पुऱ्याईको योगदानको विषयमा जानकारी प्राप्त भएको ।
- सेवा प्रवाह सम्बन्धमा सहज पहुँचको भावि रणनीति वातावरण तय गर्न सहायक भयो ।

**कार्यक्रम सम्त्रबन्धमा थप सुझावहरु**

कार्यक्रममा संलग्न राजनीतिक दल सेवा प्रदायक संस्थाका प्रमुख एवं प्रतिनिधि, स्थानीय सरोकारवाला र सहभागिहरुको आधारमा यस कार्यक्रमका सम्बन्धमा पेश गरिएका बुँदागत थप सुझावहरु

- कार्यक्रम संचालन सम्बन्धमा व्यापक प्रचार प्रसार गरी सेवाग्राहीहरुको बृहत उपस्थिति गराउने तर्फ आवश्यक व्यवस्थापन हुनु पर्ने
- कार्यक्रम सुविधा युक्त स्थानमा मात्र केन्द्रिकृत नगरी जिल्लाका विभिन्न क्षेत्रहरुलाई लक्षित गरी सवैका लागि सहज पहुँचको व्यवस्था  मिलाईनु पर्ने ।
- कार्यक्रम कार्यालयको आफ्नो कार्यतालिका बमोजिम औपचारिकताका लागि मात्र नगरी सवै जनताका लागि कम्तिमा वर्षको ४ पटक गरिनु पर्ने ।
- कार्यक्रममा उठेका सवाल जवाफ बमोजिमका प्रतिवद्धता सम्बन्धित पक्षबाट भए नभएका सम्बन्धमा सरोकारवालहरुलाई सजगता गराईनु पर्ने ।

**कार्यक्रमको निश्कर्ष**

स्थानमा स्थानीय निकायबाट संचालित विकास निर्माणका कार्यक्रममा उपलब्ध सेवा, वस्तु र सुविधाका विषयमा सार्वजनिक स्थान तथा स्थानीय स्तरबाट सेवाग्राही नागरिकले उठाएका सवालहरुलाई स्थानीय स्तरबाटै स्पष्टता ल्याउनको लागि  जिल्ला विकास समितिको कार्यालय गोरखाबाट सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरी विकासात्मक गतिविधिमा संलग्न साझेदार निकायहरुलाई जवाफदेहिताको रुपमा नागरिकका जनगुनासाहरुको स्पष्टता ल्याउन, नागरिकका लागि प्रदत्त सेवा सुविधाहरु सर्वसाधारणहरुको पहुँचमा सहजता र ग्यारेन्टीको वातावरण सुनिश्चित गर्ने अभिप्रायले कार्यक्रम संचालन गरिएको थियो । आयोजित कार्यक्रम अत्यन्त शालिनता पूर्वक सम्पन्न भएको, सेवाग्राहीहरुबाट स्थानीय स्तरमा सहज तबरबाट सेवा उपभोग गरिएको, अति शिष्टता पूर्वक सवाल एवं जिज्ञासाहरु राख्ने र सम्बन्धित पक्षबाट समुचित जवाफ दिने कार्य भएको थियो । संचालकबाट मर्यादापूर्वक कार्यक्रम संचालन गरी कार्यक्रमलाई सहजरुपमा सहजिकरण गर्न सहयोग पुगेको छ ।

प्रतिवेदक
विमला वाग्ले
टा.ना.सु.
जि.वि.स., गोरखा

गो.न.पा.वडा नं. ३ को जि.वि.स. सभाहलमा भएको सार्वजनिक सुनुवाइ कार्यक्रमका झलकहरु











गोरखा जिल्ला
सार्वजनिक सुनुवाई कार्यक्रम
मिति : २०७३/०३/२६
आयोजक
जिल्ला विकास समितिको
गोरखा
जिल्ला विकास समितिको कार्यालय
गोरखा



